चेलापन पाठ ४२

१	**प्रार्थना**

समूहको अगुवा - परमेश्वरको उपस्थितिप्रति सचेत हुन र उहाँको आवाज सुन्न उहाँको आत्माद्वारा परमेश्वरको अगुवाइ माग्नको लागि प्रार्थना गर्नुहोस्। चेलालाहरू बनाउने बारेको यो पाठलाई प्रभुमा समर्पण गर्नुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**[शान्त समय]** **नहेम्याह ४,८,९,१०**

तपाईंलाई तोकिएको बाइबल खण्ड (नहेम्याह ४,८,९,१०) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट)	**[चेलापन]** **(३) मर्कूस १०:४५**

क. मनन

मर्कूस १०:४२-४५ पढ्नुहोस्। "तब येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, 'तिमीहरू जान्दछौ कि अन्यजातिहरूमाथि शासन गर्नेहरूले तिनीहरूमाथि अख्तियार चलाउँछन्। अनि तिनीहरूका ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार चलाउँछन्। तिमीहरूमा चाहिँ त्यसो हुनुहुँदैन। तर तिमीहरूमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्दछ। अनि तिमीहरूमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ। किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।"

(३)

सेवा मर्कूस १०:४५
किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो मर्कूस १०:४५

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

यो बाइबल पदलाई तपाईंको कार्डको छाडिपट्टि लेख्नुहोस्।

१. अन्यजातिहरूका शासकहरूले मानिसहरूमाथि अख्तियार चलाउँछन्।

संसारमा धेरै अगुवाहरूले कसरी शासन गर्छन्? येशू भन्नुहुन्छ, कि सांसारिक अगुवाहरूले आफूलाई अगुवाहरू हौँ भनी ठान्दछन् र मानिसहरूद्वारा पनि तिनीहरू अगुवाहरू ठानिन्छन् तर परमेश्वरको नजरमा तिनीहरू साँचो अगुवाहरू होइनन्। तिनीहरू अगुवाहरू हुनुपर्ने हो, तर साँचो अगुवाहरू हुन तिनीहरू असफल भएका छन्। येशूले यो कुरा अलि व्यङ्गात्मक ढङ्गमा भन्दैहुनुहुन्छ। यदि ती अगुवाहरू वास्तविक अगुवाहरू भएको भए, तिनीहरूको अगुवापन शैली पूर्णरूपमा फरक हुने थियो।

सांसारिक अगुवाहरूले चुचुरोमा पुग्नको निम्ति सबै शक्ति र स्रोतहरू खर्च गर्छन्, र एकपटक चुचुरोमा पुगेपछि तिनीहरूले मानिसहरूलाई तिनीहरूको अधिकारको गह्रौँपना महसुस गर्न लगाउँछन्। तिनीहरूले आफ्नोबारेमा मात्र विचार गर्छन् र आफूले अगुवाइ गर्ने मानिसहरूका बारेमा चाहिँ विचार गर्दैनन्। आफूले अधिन गरेका मानिसहरूलाई तिनीहरूले अत्याचारी

नियमहरूद्वारा छटपट बनाइदिन्छन्। प्राय: तिनीहरूले अधिन गर्ने मानिसहरूका जीवनको हरेक पक्षमा पूर्ण अधिकार छ भनी ठान्छन्। तिनीहरूले चाहेअनुसार नै आफ्ना मानिसहरूलाई विचार गर्न, विश्वास गर्न, बोल्न र गर्न जबरजस्ती गर्छन्। प्राय: तिनीहरूले आफू 'ईश्वर' भएझैँ गरी व्यवहार गर्छन् र तिनीहरूभन्दा माथि कसैको अधिकार हुँदैन। अथवा परमेश्वरले नै तिनीहरूलाई अधिकार दिनुभएको छ भनी दाबी गर्छन् र त्यसैले तिनीहरूप्रति अनाज्ञाकारी हुने मानिसहरू परमेश्वरप्रति अनाज्ञाकारी हुन् भनी दोष लगाउँछन्। यस्ता मानिसहरूले हरेक किसिमको विरोधले दबाउने काम गर्छन्। अनि मानिसहरूलाई प्रभाव पार्नको निम्ति तिनीहरूले आफूलाई 'अगमवक्ता', 'प्रेरित' अथवा 'बिशप' जस्ता पदहरूद्वारा स्वघोषित गर्छन्। यस किसिमको अगुवापनलाई येशूले 'अख्तियार चलाउनु' भन्नुहुन्छ। येशू ख्रीष्टले यस किसिमको अगुवापनलाई तिरस्कार गर्नुहुन्छ!

२. येशू ख्रीष्टका चेलाहरू मानिसहरूको सेवकहरू हुनुपर्छ।

इसाई अगुवाहरूले कसरी अगुवाइ गर्नुपर्छ? येशूले स्पष्टसँग सिकाउनुहुन्छ, कि इसाई अगुवाहरूले सांसारिक अगुवाहरूले गरेझैँ अगुवाइ गर्नु हुँदैन! "तिमीहरूमा यस्तो हुनुहुँदैन" भनी उहाँ भन्नुहुन्छ। संसारमा हेर्ने हो भने अगुवाहरू पिरामिडको चुचुरोमा खडा भएर शक्ति र अधिकारसाथ मानिसहरूमाथि अख्तियार चलाउँछन्। तर त्यसको विपरीत इसाई अगुवाहरू उल्टो पारिएको पिरामिडको पिँधमा खडा भएर आफूलाई सम्पिएको मानिसहरूको सेवा गर्दछन्। इसाईहरूका माझमा जो महान् हुन चाहन्छ, ऊ तिनीहरूको सेवक हुनैपर्छ र जो पहिलो हुन चाहन्छ, त्यो तिनीहरू सबैको दास हुनैपर्छ भनी येशूले सिकाउनुहुन्छ। येशूले भन्नुहुन्छ, कि परमेश्वरको राज्यमा महानतालाई सेवाको नापले नापिन्छ। त्यसैले जो अगुवा हुन चाहन्छ, ऊ हरेकको सेवक हुनैपर्छ! महानता भनेको शक्तिलाई पक्रनु सट्टामा विनास्वार्थ दिने कुरा हो। यसमा आफ्नो लक्ष्यहरू प्राप्त गर्नको निम्ति अरू मानिसहरूलाई प्रयोग गर्नुको सट्टामा ती मानिसहरूलाई विकास गर्दै लैजाने प्रक्रिया समावेश भएको हुन्छ।

'दास' भन्ने शब्दले प्राय: नकारात्मक अर्थ दिन्छ, किनभने यसमा स्वतन्त्रताको कमी, इच्छाविनाको सेवा र कठोर व्यवहारजस्ता कुराहरू सम्बन्धित हुन्छ। तर मर्कूस १०:४५ मा 'दास' भन्ने शब्दको अर्थ 'सेवक' भन्ने शब्दको अर्थजस्तै छ र यसलाई 'नम्र नोकर' भनेर अनुवार गरिनुपर्छ।

३. प्रभु येशू ख्रीष्टको नमुना (उदाहरण)।

(१) येशूले सेवा गरेर अगुवाइ गर्नुभयो।

येशू ख्रीष्ट राजाहरूका राजा अनि प्रभुहरूका प्रभु हुनुहुन्छ (प्रकाश १९:१६); तथापि आफ्नो पहिलो आगमनमा उहाँ पृथ्वीमा सेवा पाउन होइन, तर सेवा गर्न आउनुभयो! मानिसहरूको सेवा गरेर येशू ख्रीष्टले तिनीहरूलाई अगुवाइ गर्नुभयो। उहाँको सेवामा धेरैको जीवन बचाउनको लागि उहाँले आफ्नै जीवन दिएर छुटकाराको मोल हुनुभयो।

(२) छुटकाराको मोल

छुटकाराको मोल भनेको के हो? सुरुमा छुटकाराको मोल कुनै दासलाई मुक्त गर्नको निम्ति तिरिने मूल्य थियो। येशूले तिर्नुभएको छुटकाराको मोल उहाँको आफ्नै जीवन थियो। त्यो मानिसहरूका पापहरूको लागि उहाँले गरिदिनुभएको प्रायश्चित थियो। परमेश्वरले स्वीकार गर्नुहुने बलिदान त्यो मात्र थियो।

छुटकाराको मोल येशूले कसलाई तिर्नुभयो? मानिसहरू शैतानको दासत्वमा छ भन्दैमा तिनीहरूलाई त्यसबाट छुटकारा दिलाउन येशूले शैतानलाई छुटकाराको मोल तिर्नुभएन। उक्त छुटकाराको मोल प्रायश्चितको बलिदानको रूपमा सृष्टिकर्ता परमेश्वरलाई तिर्नुभयो र उहाँ नै मानिसहरूको साँचो मालिक हुनुहुन्छ। उक्त छुटकाराको मोल परमेश्वरको मनस्थिति ठिक बनाउन, उहाँको 'रिस शान्त पार्न'[7] अथवा मानिसहरूको पापको विरुद्धको न्यायलाई हटाउनको निम्ति परमेश्वरलाई तिरिएको थियो, ताकि मानिसहरूले परमेश्वरसँग मिलाप गर्न सकून्, जसको मतलब पापको दोष र दण्डलाई रद्द गर्नु हो, परमेश्वर मानिसबीचको अलगपनलाई हटाउनु हो र मानिसहरूलाई परमेश्वरसँग पुनर्मिलाप गराउनु हो। यसलाई अर्को तरिकाले भन्ने हो भने एकमात्र (बाइबलको) परमेश्वरले येशू ख्रीष्टमा मानव स्वभाव धारण गर्नुभएको छ, उहाँ आफ्नो सृष्टि र मानव इतिहासमा प्रवेश गर्नुभएको छ र इसाईहरूले भोग्नुपर्ने पापहरूको दण्ड आफैमाथि राख्नुभएको छ!

यो छोटकाराको मोलबाट संसारमा कसलाई फाइदा हुन्छ? यद्यपि उहाँले तिर्नुभएको छुटकाराको मोल संसारको सबै मानिसहरूका लागि पर्याप्त हुने भए तापनि, संसारको सबै मानिसहरूले यसबाट फाइदा लिँदैनन्। उहाँको छुटकाराको मोल

[7] To pacify: to propitiate, to appease an offeded God

संसारको सबै मानिसहरूका लागि प्रभावकारी हुँदैन। त्यही कारणले गर्दा येशूले मर्कूस १०:४५ मा "सबै मानिसहरूको छुटकाराको मोल तिर्न होइन", तर "धेरैको छुटकाराको मोल तिर्न" आएको हुँ भन्नुभयो। त्यही कारणले यूहन्ना १०:११ मा येशूले "म असल गोठालो हुँ। असल गोठालोले आफ्नो भेडाहरूको लागि (१० पद - मेरा भेडाहरू) आफ्नो प्राण अर्पण गर्छ" भन्नुभयो।

ती धेरै मानिसहरू को-को हुन्? ती भेडाहरू को-को हुन्?

- यशैया ५३:८ ले भन्दछ, "मेरो प्रजाका अपराधको निम्ति उसमाथि कुटाइ पऱ्यो।"
- मत्ती १:२१ ले भन्दछ, "तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।"
- यूहन्ना ६:३९ मा येशूले भन्नुहुन्छ, "उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ।"
- प्रेरित २०:२८ ले भन्दछ, "ख्रीष्टले आफ्नै रगतले मण्डलीलाई किन्नुभएको छ।"
- रोमी ८:३२-३३ ले भन्दछ, " हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ।"
- येशू ख्रीष्टले मानव इतिहासको हरेक व्यक्तिको लागि छुटकाराको मोल तिर्न[8] आफ्नो जीवन दिनुभएन, अनि उहाँले त्यो केवल थोरैको निम्ति पनि दिनुभएन, तर धेरैको निम्ति दिनुभयो। प्रकाश ७:९ मा हामी पढ्छौं, कि हरेक राष्ट्र, जाति, मानिस र भाषाबाट कसैले गन्न नसक्ने ठूलो भीड परमेश्वर र येशू ख्रीष्टको सिंहासनको सामु खडा भइरहेका देखे।

४. बाइबलमा उल्लेखित सेवा

बाइबलमा उल्लेखित सेवाको सारंशको बारेमा निर्देशिका १२, परिशिष्ट १७ हेर्नुहोस्।

ख. बाइबल पद कण्ठ र पुनरावलोकन

१. **लेख्नुहोस् -** बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. **कण्ठ गर्नुहोस् -** उक्त बाइबल पदलाई सही तरिकाले कण्ठ गर्नुहोस्। (३) सेवा - मर्कूस १०:४५
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

४	**बाइबल अध्ययन** (७० मिनेट) **[संसारमा जिउनु]** **(३) संसारमा हुने आत्मिक युद्ध - एफिसी ६:१०-२०**

एफिसी ६:१०-२० लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

[8] 1 John 2:2 says, " Jesus Christ is the atoning sacrifice for our sins, and not only for our sins, but also for the sins of the whole world." Sin is universal- every human being sinned (1 John 1:8,10). There is also a univeresal provision for sin - sufficient for every human being, but on condition that he repents/converts and confess his sin (1 John 1:9). "The whole world" is the realm of sinful and lost mankind, alienated from the life of God, exposed to God's judgement, in need of salvation (John 3:19). It is the sinful and lost people from every tribe, nation and language on earth, without implying that it refers to every single individual. There is no distiction made with respect to race, or nationality (John 1:29; 3:16: 3:17; 4:42; 6:33,51; 8:12; 11:52; 12:32: 1 John 2:2; 4:14-15). John says that Jesus is the Lamb of God who takes away the sin of the world. Here the world does not and cannot mean every individual person who has ever lived in the world, because the Bible does not teach that all people will be saved. Also in John 3:16 it has this meaning and says that God loves people from every tribe, nation and language in the world, without implying that it refers to every single individual (Psalm 5:4-6; 11:5; Luke 14:26; Romans 1:18; 9:13; James 4:4). The bible does not teach universal atonement! There are people who remain lost, because not all people have been elected (2 Thessalonians 2:13-14; 2 Timothy 1:9) or because not all people repent and believe (Mark 1:15; Acts 13:48; Hebrews 4:2,3,6).

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर एफिसी ६:१०-२०पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

एफिसी ६:१२

खोज १ - दुष्ट र भूतहरूसहित त्यसको सैन्यदल सत्रुहरूझैँ साँच्चै अस्तित्वमा छन्।

दुष्ट र भूतहरूसहित त्यसको सैन्यदल सत्रुतापूर्ण सेनाको रूपमा साँच्चै अस्तित्व छ। इसाईहरूलाई ठेस लगाउन, पतन गराउन र पराजित गर्न तिनीहरूले सम्भव भएसम्म हरेक कुरा गर्न कोसिस गर्नेछन्। केही दिनहरू 'खराब' छन् (१३ पद), जसको मतलब दुष्ट, भूतहरू, सत्रुतापूर्ण संसार र मानिसको पापमय स्वभावले तिनीहरूले गर्ने कामद्वारा इसाईहरूलाई आक्रमण गर्नेछन्।

'दुष्टको युक्तिहरूका' बारेमा बाइबलले इसाईहरूलाई सिकाउँछ (११ पद)। त्यसको रणनीति भनेको मानिसहरूका समझ र हृदयबाट परमेश्वरको वचनहरू खोस्नु हो, ताकि तिनीहरूले विश्वास नगरून् र नबाँचून् (लूका ८:१२)। त्यो सबै झूटहरूको पिता हो (ती झूटहरू मानिसहरूमा, पुस्तक तथा पत्र-पत्रिकाहरूमा, संसार माध्यमहरूमा, राजनीतिमा र धर्महरूमा हुन्छन्) (यूहन्ना ८:४४)। त्यसले अविश्वासीहरूको समझलाई बाँधिदिन्छ, ताकि तिनीहरूले सुसमाचारको ज्योतिलाई देख्न सक्दैनन् (२ कोरिन्थी ४:३-४)। त्यसले मानिसहरूलाई खराब कुराहरू गरेर असल कुराहरू प्राप्त गर्न सकिन्छ बनी विश्वास गर्न लगाउँछ (लूका ४:६-७)। त्यसले परमेश्वरको वचनलाई बङ्ग्याउँछ (उत्पत्ति ३:१) अथवा त्यसले सन्दर्भभन्दा बाहिर गई परमेश्वरको वचन उद्धरण गर्छ (लूका ४:६)। त्यसले गैर-इसाईहरू र खराब मानिसहरूलाई मण्डलीमा इसाईहरूका माझमा र इसाई संघ-संस्थाहरूमा रोप्छ (मत्ती १३:३७-४१)। त्यसले विशेषगरी आत्म-संयम नभएको बेलामा मानिसहरूलाई अनैतिक यौन क्रियाकलापहरूमा सहभागी हुन प्रलोभन दिन्छ (१ कोरिन्थी ७:५)। र त्यसले झूटा अगमवक्ताहरू र झूटा शिक्षकहरूद्वारा झूटा शिक्षाहरू फैलाउँछ (१ तिमोथी ४:१-३)।

एफिसी ६:११

खोज २ - सर्वोच्च अनुग्रह र मानवीय जिम्मेवारीबीचको सम्बन्ध

एकातर्फ, सबै आत्मिक हातहतियारहरू छन, जुन परमेश्वरबाट आउने उहाँका सारा हतियारहरू हुन्। यी हातहतियारहरू परमेश्वरले बनाउनुभयो र उहाँले ती आफ्ना सिपाहीँहरूलाई दिनुहुन्छ। यसरी, इसाईहरू आत्मिक युद्धको निम्ति परमेश्वरमा, परमेश्वरको अनुग्रहमा र परमेश्वरको स्रोतहरूमा पूर्णरूपमा भर पर्दछन्। अर्कोतर्फ, इसाई सिपाहीँले सुरक्षात्मक र आक्रमक युद्धमा ती हातहतियारहरू धारण गर्नैपर्छ र त्यसलाई प्रयोग गर्नैपर्छ। यसरी, इसाईहरू उक्त लडाइप्रति पूर्णरूपमा जिम्मेवार हुन्छन्। त्यसकारण, इसाईले उक्त युद्ध लड्नको निम्ति आवश्यक शक्ति आफैमा खोज्दैन, तर प्रभुमा र उहाँको शक्तिमा त्यो खोज्दछ (१० पद)। यस किसिमले म दुष्ट, त्यसको भूतहरू र त्योसँग सहकार्य गर्ने खराब मानिसहरूको विरुद्धमा खडा रहन चाहन्छु।

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
एफिसी ६:१०-२० मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।

लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

एफिसी ६:१२
प्रश्न १ - आत्मिक युद्ध के हो?
टिप्पणी - बाइबलले भन्दछ, कि हाम्रो सङ्घर्ष मानिसहरूको विरुद्धमा होइन, तर वास्तवमा दुष्टको आत्मिक सेनाहरूको विरुद्धमा हो। 'शासकहरू, अधिकारहरू र शक्तिहरू' भनेको विभिन्न किसिमका खराब आत्माहरू हुन्, जो दुष्टको नियन्त्रणमुनि रहेर राजनीतिमा खराब मानिसहरू, न्याय दिन अदालत र सांसारिक धर्महरूद्वारा काम गर्दछन्। दुष्ट आत्माहरू स्वर्गीय स्थानहरूमा वास गर्दछन्, जसलाई पृथ्वीभन्दा माथिको क्षेत्र, तर छुटकारा पाएकाहरू बस्ने स्वर्गभन्दा मुनिको स्थानलाई चित्रण गर्दछ। ती दुष्ट आत्माहरू पतन भएका स्वर्गदूतहरू हुन् (प्रकाश १२:७-१०)। त्यही कारणले गर्दा तिनीहरूले जीवित परमेश्वरको विरोध गरी मानिसहरूमा उहाँका कामलाई नास पार्न कोसिस गर्दछन्। त्यही कारणले गर्दा संसारमा दुष्टका सेनाहरू प्राय: अरू धर्महरूतर्फ मैत्रीपूर्ण व्यवहार गर्छन्, तर इसाईहरू, इसाई विश्वास र विशेषगरी बाइबलप्रति सत्रुतापूर्ण व्यवहार गर्दछन्।

आत्मिक युद्ध भनेको कहिले पनि हातहतियार, आतंकवादीहरू, षडयन्त्रहरू, अपहरणहरू र हत्याजस्ता कुराहरूलाई अँगाल्ने 'पवित्र युद्ध' होइन। इसाई विश्वासअन्तर्गत गरिने आत्मिक युद्धमा सधैँ आत्मिक हातहतियारद्वारा लडिन्छ, र त्यो पूर्णरूपमा परमेश्वरले मञ्जुरी दिनुहुने आत्मिक शक्तिमा निर्भर हुन्छ। इसाईहरूले लड्ने हतियारहरू 'सांसारिक अस्त्र-सस्त्र होइनन्', तर त्यसको विपरीत तिनीहरूसँग भूतहरूको किल्ला भत्काउने ईश्वरीय शक्ति हुन्छ। परमेश्वरको ज्ञानको विरुद्धमा उठ्ने हरेक अहंकारपूर्ण वाधा र वहसहरूलाई इसाईहरूले नास पार्दछन् र ख्रीष्टप्रति आज्ञाकारी हुनको निम्ति हरेक विचारलाई तिनीहरूले वशमा पार्दछन् (२ कोरिन्थी १०:३-५)। आत्मिक युद्ध भनेको खराब मानिसहरू र खराब व्यवस्थाहरूद्वारा काम गर्ने दुष्ट आत्माको युक्तिहरू र क्रियाकलापहरूको विरुद्धमा तपाईंले सशक्तरूपमा लडाइ गर्नु हो! आत्मिक युद्धको उद्देश्य एकातर्फ दुष्टको आक्रमणलाई सामना गर्दै खडा भइरहनु हो भने अर्कोतर्फ अगाडि बढ्नु र त्यसको नियन्त्रणभन्दा बाहरि भएका मानिसहरूलाई खोस्नु हो।

एफिसी ६:१४
प्रश्न २ - हामीले आफ्नो कम्मरमा कस्नुपर्ने सत्यताको पेटी के हो?
टिप्पणी -

शारीरिक लडाइँमा जाँदा रोमी सिपाहीँले लगाएको छोटो जामालाई पेटीले बाँध्ने गर्थ्यो। त्यसो गर्नाले उसको गोडाहरू र हातहरू काम गर्न स्वतन्त्र हुन्थे। लडाइँमा व्यस्त नहुँदा, सिपाहीँले आफनो छातीपाता र तरवार त्यही कम्मर-पेटीमा झुण्ड्याउँथ्यो।

आत्मिक लडाइँमा उक्त पेटीले सत्यता, निष्कपटता (इमान्दारिता) र तत्परतालाई बुझाउँछ। इसाई सिपाहीँको निम्ति मुख्य प्रश्न यस्तो छ, "के म इमान्दारितासाथ आत्मिक युद्धमा लड्न चाहन्छु? के म आत्मिमक युद्धमा लड्न पूर्णरूपमा इच्छुक छु?" सत्यताको पेटीले इसाई सिपाहीँको लड्ने उत्प्रेरणा र तत्परतालाई सङ्केत गर्छ। ("के म त्यसो गर्न चाहन्छु?")। इमान्दारिता भनेको आत्मिक युद्धको शक्तिशाली हतियार हो। ढोंगी र कपटी व्यक्तिले भन्दा इमान्दारिताले अभिप्रेरित व्यक्तिले अरूहरूलाई निकै प्रभाव पार्न सक्छन्! युद्धको बारेमा इमान्दारीतासाथ उत्प्रेरित नभएकोले दुइ-तिहाइभन्दा बढी लडाकुहरू घर फर्के भनी हामी न्यायकर्ता ७:३ मा पढ्छौँ! तर इमान्दारीतासाथ उत्प्रेरित भएका तिनसय मानिसहरूलाई लिएर गिदोनले त्यो रात अति ठूलो सन्यदललाई पराजित गरे।

एफिसी ६:१४
प्रश्न ३ - हामीले धारण गर्नुपर्ने धार्मिकताको छाती-पाता के हो?
टिप्पणी -

शारीरिक युद्धको कुरा गर्ने हो भने छाती-पाता रोमी सिपाहीँको हतियार थियो, जसले तिनीहरूको शरीरको घाटीदेखि तिघ्रासम्म ढाक्थ्यो। यसको दुई भागहरू हुन्थे; एउटाले अगाडिपट्टि ढक्थ्यो भने अर्कोले पछाडिपट्टि ढाक्थ्यो (१ शमूएल १७:५,३८ काँसाको झिलम)। यसरी सिपाहीको मुटु र फोक्सोजस्ता महत्वपूर्ण अङ्गहरूको सुरक्षा गरिन्थ्यो।

आत्मिक युद्धमा छाती-पाताले नैतिक र आत्मिक धार्मिकतालाई बुझाउँछ। यो परमेश्वरले विश्वासीहरूलाई पहिराइदिनुहुने धार्मिक अवस्था होइन, तर नैतिक र पवित्र जीवन जिउनको लागि परमेश्वरले दिनुहुने धार्मिक क्रियाकलापहरू हुन्। इसाई सिपाहीँको लागि मुख्य प्रश्न यस्त छ, "के मैले आफूलाई आत्मिक युद्धमा समावेश गराउने नैतिक र धार्मिक जीवन जिइरहेको छु?" धार्मिकताको छाती-पाताले प्रभावकारीरूपमा लडेर विजय प्राप्त गर्नको लागि आवश्यक नैतिक र आत्मिक (धार्मिक) जीवनलाई सङ्केत गर्दछ। ("के म सक्षम छु?")। नैतिक र धार्मिक जीवनबिना इसाईले मुक्तिको निश्चयता पाउन सक्दैन, दुष्टले लगाएका दोषहरूका विरुद्धमा उसले प्रतिकार गर्न सक्दैन, आफ्नो दृढ विश्वास र प्रार्थनाको प्रभावकारिता उसमा कमी हुन्छ र सङ्घर्ष गर्ने शक्तिमा पनि उसमा कमी हुन्छ। "धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ (याकूब ५:१६)। शुद्धता, आत्म-संयम, साँचो प्रेम र सत्य बोलीवचनजस्ता कुराहरूमा नैतिक र धार्मिक जीवन नजिइकन सिपाहीँले प्रभावकारीरूपमा लड्न सक्दैन। दुष्टको किल्लाहरू नास पार्नको निम्ति हातहतियारहरूसँग ईश्वरीय शक्ति हुनैपर्छ (२ कोरिन्थी १०:४-५)। 'धार्मिकता' भनेको सुरक्षा गर्ने र आक्रमण गर्ने शक्तिशाली हतियार हो! परमेश्वरले चाहअनुसार सही तरिकाले जिउनुले नै सिपाहीँलाई युद्धमा बलियो बनाउँछ।

एफिसी ६:१५
प्रश्न ४ - हामीले लगाउनुपर्ने तयारीको जुत्ता के-के हुन्?
टिप्पणी -

शारीरिक युद्धमा, रोमी सिपाहीँहरूको फलामका किलाहरू ठोकिएका जुत्ताहरू लगाउने बानी थियो, जुन रोमी सडकहरूमा लामो समयसम्म हिँड्दा पनि फाट्दैनथे। यसरी, सिपाहीँले लामो हिडाइँको निम्ति आफूलाई राम्रोसँग तयारी गर्थ्यो। जुलियस सिजरसका सेनाहरूले सुरक्षाबिहिन सत्रुहरूलाई छोटो समयावधिमा थुप्रै ठाउँमा गई निरन्तर पक्रने काम गर्थे।

आत्मिक युद्धमा, जुत्ताले तुरुन्तै लड्नुपर्ने युद्धको निम्ति सिपाहीँको पूर्ण तयारीलाई बुझाउँछ। मिलापको सुसमाचारद्वारा यो पूर्ण तयारीपनलाई ल्याइन्छ। मिलापको सुसमाचारले (ख्रीष्टसँगको सही सम्बन्धले) इसाई सिपाहीँलाई परमेश्वरसँग र आफ्नो सङ्गी सिपाहीँसँगको सही सम्बन्धलाई ल्याउँछ। यसले उसलाई परमेश्वरसँग मिलाप गराउँछ, आफ्नो छिमेकीहरूसँग मिलाप गराउँछ र उसको जीवनको तोडिएको कुराहरूलाई पूर्ण गराउँछ। इसाई सिपाहीँलाई मुख्य प्रश्न यस्तो छ, "के म तुरुन्तै आत्मिक युद्ध लड्नको निम्ति पूरा सुसज्जित र पूर्णरूपमा तयार छु?" 'तयारीको जुत्ता' ले इसाई सिपाहीँको पूरा सुसज्जिकरण, तयारी र तुरुन्तै लड्ने क्षमतालाई सङ्केत गर्दछ। (के म अहिल्यै गर्न सक्छु?")। उदाहरणहरू: आफ्नो सम्पत्तिहरू वृद्धि गर्न मात्र ध्यान दिने धनी मानिस परमेश्वरप्रति धनी थिएन र त्यही रात मर्नको निम्ति उसले कुनै तयारी गरेको थिएन (लूका १२:१३-२१)। मूर्ख कन्याहरू दुलहासँगै विवाहभोजमा प्रवेश गर्न तयार थिएनन् (मत्ती २५:१०)। आफ्ना कामदारहरूप्रति दुर्व्यवहार गर्ने व्यवस्थापकले खाने, पिउने र मोज गर्ने काममा उसको समय खेर फाल्यो; र आफ्नो मालिक फर्कीआउने दिनको निम्ति उसले तयारी गरेकै थिएन (मत्ती २४:४५-५१)।

एफिसी ६:१६
प्रश्न ५ - विश्वासको ढाल र दुष्टको अग्निवाण भनेको के-के हुन्?
टिप्पणी -

शारीरिक युद्धमा, रोमीहरूको ढाल छालाले मोडिएको १२० सेन्टिमिटर लामो र ७५ सेन्टिमिटर चौडा आयताकार अकारको हुन्थ्यो। सिपाहीँको मुटु, फोक्सो र अन्य महत्वपूर्ण अङ्गहरूलाई सत्रुको वाणबाट सुरक्षा गर्नको निम्ति त्यसलाई बनाइएको हुन्थ्यो। त्यो वाण प्रहार गर्नुभन्दा पहिले त्यसलाई अलकत्रामा डुबाएर आगो लगाउने गरिन्थ्यो। त्यस्ता वाणहरू ढालमा ठोक्किएपछि त्यसको तिखो टुप्पो बोधो हुन्थ्यो र त्यहाँ बलेको आगोको ज्वाला निभ्थ्यो।

आत्मिक युद्धमा, अग्निवाणले सत्रुको विभिन्न किसिमका आक्रमणहरूलाई बुझाउँछ। तिनीहरूका ठोक्रो हानि, नोक्सानि, चोट, अत्याचार, सतावट अथवा सबै किसिमका कठिनाइहरूको ज्वालामय वाणहरूले भरिएका हुन्छन्। तिनीहरूका केही वाणहरूले इसाईहरूको समझ र हृदयमा सङ्का, सन्देह, डर, वेदना, लोभ, अहंकार, डाह अथवा शारीरिक अभिलाषाजस्ता कुराहरू उब्जाइदिन्छन्। कहिलेकाहिँ तिनीहरूले गहूँको माझमा सामाहरू रोपिदिन्छन्, जसको मतलब इसाई मण्डलीमा

विभिन्न किसिमका समस्या र कठिनाइहरू ल्याउनको निम्ति परमेश्वरका जनहरूका माझमा तिनीहरूले नामधारी इसाईहरू, गैर-इसाईहरू र अरू दुष्ट मानिसहरू रोप्न गर्दछन् (मत्ती १३:२५,३८)। कहिलेकाहिँ तिनीहरूको जिब्रो घातक वाणहरूझैँ हुन्छन्, जसले अरूको निन्दा-चर्चाद्वारा सत्यता, आत्मविश्वास र राम्रो प्रतिष्ठलाई नास पार्दछ। "तिनीहरूको जिब्रो विषालु काँड़ हो, त्यसले छलको कुरा बोल्दछ। हरेकले आफ्नो छिमेकीसित मुखले त मेलको कुरा गर्दछ, तर हृदयमा चाहिँ त्यसको विरुद्ध ढुकेर पासो थाप्दछ" (यर्मिया ९:८)।

आत्मिक युद्धमा, ढालले इसाईको विश्वासलाई चित्रण गर्दछ। इसाईको यो विश्वास इसाई विश्वासको सार (वस्तुनिष्ट विश्वास) भन्दा काममा प्रकट हुने इसाईको विश्वास (व्यक्तिनिष्ठ विश्वास) हो। यो परमेश्वरको वचनहरू र प्रतिज्ञाहरू साँचो हुन् भनी भरोसा गर्ने विश्वास हो र यसले यही निश्चयताको आधारमा काम गर्दछ। विश्वास भनेको सुरक्षा गर्ने र आक्रमण गर्ने दुवै किसिमको हतियार हो। इसाई सिपाहीको लागि मुख्य प्रश्न यस्तो छ, "सत्रुको आक्रमणको विरुद्ध आफूलाई बचाउन र यो संसारमा परमेश्वरको राज्यको निम्ति विजयहरू प्राप्त गर्नको निम्ति के मैले परमेश्वरका प्रतिज्ञाहरूमा आफ्नो विश्वासलाई सक्रियरूपमा प्रयोग गर्दैछु?" "विश्वासको ढालले एकातर्फ सङ्का र डरजस्ता कुराहरूको विरुद्धमा आफूलाई बचाउने सिपाहीँको क्षमता हो भने अर्कोतर्फ अन्धकारको क्षेत्रमा आक्रमण गरी विजयहरू प्राप्त गर्नु हो। उदाहरण: याइरसकी छोरी मर्दा, येशूले तिनलाई डराउनु पर्दैन, तर उहाँसँग मृत्यु र जीवनमाथि शक्ति छ भनी विश्वास गर भनी उपदेश दिनुभयो (लूका ८:४९-५०)। येशू ख्रीष्टमा विश्वास गर्ने हरेक परमेश्वरको पुत्र हो, (परमेश्वरबाट जन्मिएको) परमेश्वरको साँचो सन्तान हो अनि त्यही विश्वासले इसाईलाई पापमय संसारमाथि ठिकसँग विजयी तुल्याउँछ (१ यूहन्ना ५:१-५)। विश्वासलाई काममा प्रकट गरेर इसाईले आफ्नो जीवनको पाप, संसारको प्रलोभनहरू र भूतात्माहरू शक्तिहरूको आक्रमणमाथि विजयी हुन्छ।

एफिसी ६:१७
प्रश्न ६ - मुक्तिको टोप के हो?
टिप्पणी -

शारीरिक युद्धमा, रोमी सिपाहीँले आफ्नो टाउकोलाई सुरक्षा दिन फलाम, पित्तल अथवा छालाबाट बनिएको टोप लगाउने गर्थ्यो।

आत्मिक युद्धमा, टोपले मुक्ति अथवा मुक्तिको आशालाई चित्रण गर्दछ (१ थेसलोनिके ५:८)। सङ्घर्षको माझमा (कठिनाइ र सतावटमा) इसाई सिपाहीँसँग मुक्तिको निश्चयता हुनुपर्छ- वर्तमान अनि भविष्यको लागि। आशा अथवा निश्चयताबिना इसाईले लड्ने चाहनालाई सजिलै त्याग्नसक्छ। उसको निम्ति स्वयम् परमेश्वर लड्दैहुनुहुन्छ (प्रस्थान १४:१४), ऊ पानी र आगो भएर जाँदा परमेश्वर उसको साथमा हुनुहुनेछ (यशैया ४३:२; प्रस्थान १४:२६-२९; दानिएल ३:२४-२७), र सतावटहरू अनि दु:ख-कष्टहरूबाट परमेश्वरले उसलाई फेरि छुटकारा दिनुहुनेछ भन्ने परमेश्वरको ज्ञानले इसाई सिपाहँलाई निरन्तर युद्ध गर्न बलियो, सहासी र दृढ तुल्याउँछ। परमेश्वरले आफूमा सुरु गर्नुभएको असल कामलाई निरन्तरता दिई पूरा गर्नुहुनेछ भन्ने निश्चयताले (फिलिप्पी १:६; फिलिप्पी २:१२-१३) अन्तिमसम्म लडिरहन इसाईलाई बलियो र दृढ बनाउँछ। विश्वासले नै मानिसलाई काम सिद्ध्याउने व्यक्ति बनाउँछ (यूहन्ना १७:४; प्रेरित २०:२४; कलस्सी ४:१७)!

'मुक्ति' आक्रमण गर्ने हतियार पनि हुन सक्छ। भजन ४०:१-३ मा हामी पढ्छौँ, कि कसरी दाऊदलाई परमेश्वरले समस्याहरू र कठिनाइहरूको दलदले हिलोमा डुब्नबाट छुटकारा दिनुभएपछि तिनले 'मुक्तिको गीत' गाए। तिनले यसरी गाउँछन्, "उहाँले मेरा ओठमा एउटा नयाँ गीत राखिदिनुभयो ... धेरैले यो देख्नेछन् र डराउनेछन्, र परमप्रभुमा भरोसा राख्नेछन्।" त्यसैगरी अरूहरूलाई "मुक्तिको सुसमाचार" प्रचार गर्नु (यशैया ५२:७) र परमेश्वरको (मुक्तिको) वचनहरू त्यत्तिकै खालि उहाँकहाँ कहिल्यै फर्किँदैन, तर उहाँलाई प्रसन्न तुल्याउने गरी त्यसले काम पूरा गरेको भनी हेर्नु- यी कुराहरू संसारमा उत्तम आक्रमण गर्ने हतियारहरू हुन्।

इसाई सिपाहीँको निम्ति मुख्य प्रश्न यस्तो छ, "के मैले दुष्टको आक्रमणको विरुद्धमा आफ्नो समझ र विचारहरूलाई सुरक्षित पार्दैछु, ताकि अरूहरूलाई बचाउने कामको निम्ति परमेश्वरले मलाई प्रयोग गर्नको निम्ति सत्रुको आक्रमणबाट घरी-घरी परमेश्वरले मलाई बचाउनुभएकोले म बाँचेको छु भन्ने कुरामा के म निरन्तर निश्चत छु?" 'मुक्तिको टोपले' इसाई सिपाहीँको विचार र भावनाहरूलाई सत्रुको आक्रमणबाट सुरक्षा गर्ने क्षमतालाई बुझाउँछ, जसले विशेषगरी सङ्काले गर्ने आक्रमणहरूको माझमा उसले मुक्तिको निश्चयतालाई कामय राख्दछ।

एफिसी ६:१७
प्रश्न ७ - आत्माको तरवार के हो?
टिप्पणी -

शारीरिक युद्धमा रोमी सिपाहीँले छोटो तरवारलाई सुरक्षा गर्ने र आक्रमण गर्ने हतियारको रूपमा आफ्नो पेटीमा राख्ने गर्थ्यो। उक्त तरवारले रोमको लागि धेरै विजयहरू दिलायो।

आत्मिक युद्धमा तरवारले परमेश्वरको वचनलाई चित्रण गर्दछ। यहाँ यसले सम्पूर्ण बाइबललाई बुझाउँदैन, तर त्यसको सट्टामा विशेष परिस्थितिहरूमा बोलिएको बाइबलको विशेष वचनहरू हुन्[9]। जबसम्म परमेश्वरको वचन प्रचार सम्पूर्ण बाइबलमा उल्लेखित परमेश्वरको प्रकाशअनुरूप हुन्छ, उक्त प्रचार 'आत्माको तरवार हो।' मानिसहरूको पाप प्रकट गर्न, दोष र लाजमा तिनीहरूलाई दोषी ठहऱ्याउन, सत्यको विरुद्धमा तिनीहरूको वहसलाई खण्डन गरी गलत साबित गर्न, तिनीहरूका सङ्काहरूलाई हटाउन, तिनीहरूका डर-त्रासहरूलाई भगाउन, दुष्टलाई भगाउन र इसाईहरू हिँड्ने बाटोलाई उज्याउलो पार्न पवित्र आत्माले बाइबलको वचनहरूलाई प्रयोग गर्नुहुनेछ। इसाई सिपाहीँले आफूलाई सोध्नुपर्ने मुख्य प्रश्न यस्तो छ, "आत्मिक युद्धमा के मैले आफ्नै वचनहरू प्रयोग गर्दैछु, कि बाइबलमा भएको परमेश्वरको विशेष वचनहरू प्रयोग गर्दैछु?" 'आत्माको तरवारले' झूटहरू प्रकट गर्ने, वहसहरू खण्डन गर्ने र परमेश्वरको वचनको सत्यताद्वारा मानिसहरू विश्वस्त पार्ने इसाई सिपाहीँको क्षमतालाई चित्रण गर्दछ। उदाहरण:

- येशू दुष्टद्वारा परिक्षित हुनुहुँदा, उहाँले दुष्टको झूटहरूलाई खण्डन गर्न तीनपटक बाइबलबाट परमेश्वरको वचन उद्धृत गर्नुभयो (मत्ती ४:१-११)।
- मानिसहरूका प्रश्नहरूको उत्तर दिन उहाँले बाइबलको विशेष वचनहरू प्रयोग गर्नुभयो (लूका १०:२५-२८)।
- र उहाँले मानिसहरूलाई परमेश्वरको राज्यको बारेमा सिकाउन बाइबलको विशेष वचनहरू प्रयोग गर्नुभयो (मत्ती २१:४२-४४)।

एफिसी ६:१८-२०
प्रश्न ८ - प्रार्थना किन आत्मिक युद्धको भाग हो?
टिप्पणी - १८ पदलाई कहिलेकाहिँ इसाई सिपाहीँको हतियारको एक भाग हो भनी ठानिँदैन। वास्तमवा प्रार्थना निश्चितरूपमा आत्मिक युद्धको भाग हो। येशू ख्रीष्टका प्रेरितहरूको सबै भन्दा पहिलो काम भनेको वचन र प्रार्थना घोषणा गर्नु थियो (प्रेरित ६:४)। बाइबलमा उल्लेखित विशेष वचनहरूलाई इसाईहरूले आफ्नो व्यक्तिगत जीवनमा, प्रार्थनामा र अन्तर्बिन्तीमा हरेक अवसर प्रयोग गर्नुपर्छ (हितोपदेश ३:५-६ सँग तुलना गर्नुहोस्)।

"आत्मामा प्रार्थना गर्नु" भनेको प्रार्थना गर्दा पवित्र आत्मालाई तपाईंलाई अगुवाइ गर्न दिनु हो, जसको मतलब बाइबलमा प्रटक गरिएअनुसार पवित्र आत्माको इच्छाअनुसार प्रार्थना गर्नु हो, र उहाँको सहायतामा निर्भर हुनु हो। इसाई सिपाहीँले सबै किसिमले प्रार्थना गर्दछ, जस्तै: आफ्नो हृदयको कुराहरू परमेश्वरमा पोखाउँछ, सहायताको निम्ति पुरका गर्छ, बुद्धिको निम्ति अनुरोध गर्छ, अरूहरूका निम्ति अन्तरबिन्ती गर्छ, र आफूले पाएको उत्तरहरूका निम्ति परमेश्वरलाई धन्यवाद चढाउँछ। प्रार्थनामा कमजोर नहुनको निम्ति ऊ सचेत रहन्छ। उसले सबै सन्तहरूका निम्ति निरन्तर प्रार्थना गर्छ, ताकि सबै इसाईहरूलाई परमेश्वरले आफ्नो बाटोमा ल्याउनुभएको होस्, परमेश्वरले आफ्नो सार्वभौमिकतामा शासन, उहाँको इच्छा र महिमा तिनीहरूका जीवनमा अझ बढी मात्रामा प्रदर्शन गर्नुभएको होस्। यहाँ इसाईले आफैलाई गर्नुपर्ने महत्वपूर्ण प्रश्न यस्तो छ, "के म निरन्तर प्रार्थना गरिरहन्छु?" (१ थेसलोनिके ५:१७)। 'आत्मामा प्रार्थना गर्नु' भनेको इसाई सिपाहीँको परमेश्वरसँग सीधा सम्पर्क गर्ने उसको क्षमतालाई सङ्केत गर्छ। परमेश्वरले प्रार्थनाद्वारा समस्याहरूलाई अवसरहरूमा बदल्नुहुन्छ!

चरण ४ - लागू गर्नु **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र एफिसी १०-२० बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?

---

[9] Greek: not 'logos' but 'rema'. For example, Jesus Christ used "the sword of the Spirit" when he quoted Deuternomy 8:3 in Matthew 4:4.

लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

एफसी ६:१०-२० बाट निकालिएका केही सम्भावित अनुप्रयोगहरू:

६:१० आफ्नो मानवीय शक्ति र मानवीय योजनाहरूमा कहिले पनि बलियो हुन कोसिस नगर्नुहोस्। बरु त्यसको सट्टामा परमेश्वरको शक्ति र परमेश्वरको योजनाहरूमा भर पर्ने कुरामा बलियो हुनुहोस्।

६:११ एक-दुई वटा आत्मिक हतियारहरू लिएर कहिले पनि आत्मिक युद्ध नलड्नुहोस्। परमेश्वरले दिनुहुने सारा आत्मिक हात-हतियारहरू धारण गर्नुहोस्।

६:११ इसाईजस्तै भएर बस्नुहोस्, हिँड्नुहोस् र खडा हुनुहोस्! परमेश्वरसँगको तपाईंको सम्बन्धमा बस्नुहोस्, जसको मतलब तपाईंले स्वर्गमा ख्रीष्टसँगै प्राप्त गर्नुहुने तपाईंको धार्मिकताको आत्मिक अवस्थामा आत्मविश्वासको साथ विश्राम गर्नुहोस् (एफिसी २:६)। यो संसारको अरू मानिसहरूको तपाईंको सम्बन्धमा हिँड्नुहोस्, जसको मतलब तिनीहरूसँग पक्का इसाई तरिकामा व्यवहार गर्नुहोस् (एफिसी २:२,१०; ४:१,१७; ५:२,८,१५)। शैतान र त्यसको दुष्ट आत्माहरूको सन्दर्भमा तपाईंको सम्बन्धमा खडा हुनुहोस्, जसको मतलब सत्रुको सामना गर्नुहोस्, त्यसको युक्तिहरू र आक्रमणहरूलाई बन्द गर्नुहोस् र त्यसको हमलाहरूलाई धपाउनुहोस्।

६:१२ इसाईहरूको युद्धको बोलावट कहिल्यै अरू मानिसहरूको (मासु र रगतको) विरुद्धमा होइन अनि कहिल्ये सैनिकजन्य हातहतियारहरू प्रयोग गर्नको निम्ति होइन। यो त सधैँ दुष्ट आत्माहरू, तिनीहरूका दुष्ट योजनाहरू, तिनीहरूका दुष्ट प्रभावहरू र आक्रमणहरूको विरुद्धमा हो र त्यसलाई सधैँ आत्मिक हातहतियारहरूद्वारा परास्त गर्नुपर्छ।

६:१३ इसाई सिपाहीँ भनेको आफ्नो खराब योजनाहरू पूरा गर्नको निम्ति सांसारिक हतियारहरू प्रयोग गर्ने आतंकवादी होइन। इसाई सिपाहीँले परमेश्वरका सारा हातहतियारहरू धारण गर्छ, जसमा आत्मिकी हतियारहरू पर्दछन्। यो तरिकाद्वारा मात्र ऊ सत्रुले आक्रमण गर्दा खडा रहन सक्छ।

६:१४ आत्मिकी सङ्घर्षहरूबाट भाग्ने होइन, बरु इमान्दारीसाथ उत्प्रेरित भएर आत्मिक युद्धहरू लड्ने निर्णय गर्नुहोस्।

६:१४ दुष्टको शक्तिहरूदेखि सुरक्षित नभइकन प्रकट हुन निर्णय नगर्नुहोस्, तर नैतिक र धार्मिक जीवन जिउनुहोस् ताकि आत्मिक युद्ध लड्न तपाईं सक्षम हुनुहुनेछ।

६:१५ दुष्टको शक्तिहरूद्वारा पक्राउ नपर्नुहोस् तर सुसमाचारद्वारा पूर्ण व्यक्ति बन्ने निर्णय गर्नुहोस् ताकि आत्मिक युद्ध लड्न तपाईं पूर्णरूपमा तयार हुन सक्नुभएको होस्।

६:१६ दुष्टको शक्तिहरूको आक्रमणहरू विरुद्ध निष्क्रिय रहने निर्णय नगर्नुहोस् तर परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गर्नुहोस् र त्यसमा रहेर काम गर्नुहोस् ताकि आत्मिक युद्धहरूमा तपाईंले आफ्नो सुरक्षा गर्नुहुनेछ, र विजयहरू प्राप्त गर्नुहुनेछ।

६:१७ दुष्टको शक्तिहरूबाट सुरक्षित नभइकन आफ्नो विचार र भावनाहरू प्रकट नगर्नुहोस् तर सत्यताले आफ्नो विचार र भावनाहरू भर्नुहोस् ताकि परमेश्वरले तपाईंलाई यस जीवनमा आइपर्ने कठिनाइ र सतावटहरूबाट बचाउनुहुनेछ र अन्तमा उहाँले तपाईंलाई आफ्नो उपस्थितिमा सदासर्वदा बचाउनुहुनेछ।

६:१७ दुष्टको शक्तिहरूको आक्रमणहरूको विरुद्धमा निष्क्रिय रहने निर्णय नगर्नुहोस् तर खराब विचारहरू र कामहरूलाई आक्रमण गर्न बाइबलका वचनहरूलाई सशक्तरूपमा प्रयोग गर्नुहोस् ताकि आत्मिक युद्धहरूमा हुने परीक्षाहरू र पासोहरूमा तपाईं विजयी हुनुहुनेछ।

६:१८२० दुष्टको शक्तिहरूको आक्रमणहरूमा डराउने निर्णय नगर्नुहोस् तर बाइबलमा उल्लेखित आत्माको प्रकाशहरूसँग मिल्ने गरी प्रार्थना गर्नुहोस् ताकि आत्मिक युद्धहरूमा तपाईं परमेश्वरसँग सीधा सम्पर्कमा रहनुहुनेछ। आत्मिक युद्धहरूलाई परमेश्वरले आत्मिक अवसरहरूमा परिवर्तन गर्न सक्नुहुन्छ!

मत्ती ४:१-११ बाट निकालिएका केही व्यक्तिगत अनुप्रयोगका उदाहरणहरू:

म कम्मरमा सत्यको पेटी कस्न चाहन्छु। म अप्ठ्यारो परिस्थितिहरूबाट भाग्न चाहन्न र म इमान्दारीपूर्वक आत्मिक युद्धमा सहभागी हुन चाहन्छु। यो समर्पणताको साथमा म प्राय: परमेश्वरसँग प्रार्थना गर्नेछु, कि उहाँले मेरो डर हटाउनुभएर मलाई गिदोनजस्तै साहासी र डरविहिन बनाउनुहुनेछ।

दुष्टको सेनाहरूले मेरो विचार र भावनाहरूलाई आक्रमण गर्दा म विश्वासको ढाल प्रयोग गर्न चाहन्छु। सङ्का, सन्देह, डर, पीर-वेदना, लोभ, अहंकार, डाह र अभिलाषाजस्ता अग्निवाणहरूले मलाई प्रहार गर्दा, त्यस्ता विचार र भावनाहरूको विरुद्धमा म विश्वासद्वारा काम गर्न चाहन्छु। सक्रिय विश्वासद्वारा म दुष्ट र त्यसको युक्तिहरूलाई विरोध कसरी गर्ने भनी सिक्न चाहन्छु।

चरण : ५ - प्रार्थना **प्रतिक्रिया**

एफिसी ६:१०-२० मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्**

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्। (रोमी १५:३०; कलस्सी ४:१२)।

६	**गृहकार्यको तयारी** (२ मिनेट)	**अर्को पाठको निम्ति**

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - चेलाहरू बनाउने काममा प्रतिवद्ध हुनुहोस्।
अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा एफिसी ६:१०-२० बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
२. परमेश्वरसँग व्यक्तिगत समय - एस्तर २,३,४ र ५ को आधा अध्यायबाट प्रत्येक दिन परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
३. पद कण्ठ गर्नुहोस् - (३) सेवा - मर्कूस १०:४५
आफूले कण्ठ गरेका पाँच बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।
४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।